सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ
(२०८३ बैशाख महिनादेखि २०८३ असारमसान्तसम्म)



अर्थ मन्त्रालय
सिंहदरबार
साउन, २०८३
**www.mof.gov.np**

## विषय सूची


१. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः ........ ३

पृष्ठभूमि ........ ३
दीर्घकालीन सोच ........ ३
उद्देश्य ........ ३
रणनीति ........ ३

२. कार्यक्षेत्र ........ ४

३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः ........ ८

ऐनहरू ........ ८
नियमावलीहरू ........ ९
निर्देशिकाहरू ........ १०
कार्यविधिहरू ........ १०
नीति, मापदण्ड ........ ११

४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः ........ ११

५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः ........ ११

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ........ १२

(क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर ........ १२
(ख) सूचना उपलब्ध गराए बापत शुल्क/दस्तुर लिने तरिका ........ १२
(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि ........ १२

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः ........ १३

(क) निर्णय प्रक्रिया सम्बन्धमाः ........ १३
निर्णय गर्ने अधिकारी सम्बन्धमाः ........ १३

८. आर्थिक वर्ष २०८२/८३ को बजेट ........ १३

८.१ सार्वजनिक खर्च व्यवस्थापन ........ १३
(क)आर्थिक वर्ष २०८२/८३ को असारमसान्तसम्मको चालु र पुँजीगत खर्चको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक प्रगति विवरणः (संङ्घीय बजेट) (रकम रु. करोडमा) ........ १३
(ख) अर्थ मन्त्रालय र अन्तर्गत आ.व.२०८२/८३ को असार मसान्तसम्मको खर्चको विवरणः (रकम रु. लाखमा) १५
८.२ राजस्व परिचालनको अवस्थाः ........ १७
(क) आर्थिक वर्ष २०८२/८३ को वार्षिक राजस्व सङ्कलनको लक्ष्यको तुलनामा आ.व. २०८२।८३ को असारसम्मको राजस्व संकलन विवरण (रकम रु. लाखमा) ........ १७
८.३ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनः आर्थिक वर्ष २०८२/८३ को असारमहिनाको जम्मा अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरणः ........ १८
क. वैदेशिक सहायता प्राप्तिको विवरण (रकम रु. लाखमा) ........ १८
८.५ आर्थिक वर्ष २०८२/८३ को बैशाख देखि असारमसान्तसम्म सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरूः ..... २२

क.  बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः ......२२
ख. राजस्व व्यवस्थापन महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः ......२२
ग. कानुन तथा फैसला कार्यान्वयन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरु : ......२३
घ.  वित्तीय संघीयता समन्वय महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः ......२९
ङ. वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखासँग सम्बन्धित प्रमुख कार्यहरुः ......३०
च. योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः ......३०
छ. प्रशासन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः ......३१
ज. आर्थिक नीति विश्लेषण महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः ......३२

९. २०८२ को बैशाख, जेठ र असारमहिनामा ऐन/नियम/नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डमा राय/सहमति प्रदान गरिएको विवरणः ......३४

१०. गुनासो व्यवस्थापनः ......३८

११. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बरः ......३९

१२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र दफा ७ को उपदफा (१) बमोजिम यस अवधिमा माग गरेको सूचना र उपलब्ध गराइएको सूचना संख्या : ......३९

१३. अन्य विवरणः ......३९

मन्त्रालय र अन्तर्गत विभागहरूको वेबसाइट ......३९
अर्थ मन्त्रालयका प्रकाशनहरू :- ......३९
आन्तरिक राजस्व विभाग र अन्तरगतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्बरहरुः ......४०
भन्सार विभाग र अन्तर्गतका कार्यालयहरूको टेलिफोन र फ्याक्स नम्बरहरूः ......४१
राजस्व अनुसन्धान विभाग र अन्तर्गतका कार्यालयहरूको टेलिफोन र फ्याक्स नम्बरहरूः ......४३
सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको टेलिफोन र फ्याक्स नम्बरहरुः ......४३
मन्त्रालय अन्तर्गतका विभिन्न निकायको टेलिफोन नं. र फ्याक्स नम्बरहरुः ......४३

१. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः

## पृष्ठभूमि

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तरसरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, अन्तराष्ट्रिय आर्थिक सम्बन्ध व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंक तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा, सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

## दीर्घकालीन सोच

सबल र सुदृढ आर्थिक एवं वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुर्‍याउँदै समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## उद्देश्य

आन्तरिक राजस्वको आधार विस्तार एवं सुदृढीकरण गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुर्‍याउने।

## रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सवै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने,
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्ने,
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने,
- बजेट निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर विस्तार गर्ने र निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने,

- अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धको माध्यमबाट विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने,
- अन्तर्राष्ट्रिय विकास सहायतालाई प्राथमिकता प्राप्त क्षेत्र र विषयमा केन्द्रित गर्ने,
- राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने,
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,
- वित्तीय उपकरणको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणाली विकास गर्ने,
- निजीकरण भएका संस्थानको अनुगमन गर्ने,
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा परिचालन गर्ने र
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

**२. कार्यक्षेत्र**

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्ः

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- आर्थिक साधनहरूको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति।
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन।
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण।
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय।
- वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन।
- सङ्घीय संचित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष।
- बजेट तर्जुमा, कार्यान्वयन र नियमन।
- सरकारी जमानत।
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन।

- तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय।
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड।
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली।
- राजस्वसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन।
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण।
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन।
- आर्थिक कार्यविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।
- मूल्य नीति।
- लेखा तथा लेखापरीक्षण प्रणाली।
- वित्तीय जोखिम व्यवस्थापन।
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन।
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति।
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट।
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वनय र नियमन।
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान।
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- बीमासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन।
- राजस्व चुहावट नियन्त्रण।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य
- महालेखा परीक्षकको कार्यालय।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- महालेखा नियन्त्रकको कार्यालय।
- सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण।

- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालीम, अध्ययन र अनुसन्धान।
- निक्षेप तथा कर्जा सुरक्षण कोष।
- कर्मचारी सञ्चय कोष।
- नागरिक लगानी कोष।
- अवकाश कोष।
- सार्वजनिक संस्थानहरू र निजीकरणसम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन।
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

अनुसूची ११

नेपाल सरकार

अर्थ मन्त्रालयको संगठन संरचना




CS Scanned with CamScanner

१.

### ३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः

अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्र्तगतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा पालना गर्नेछन्।

**ऐनहरू**

- सामयिक कर असुल ऐन, २०१२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- दामासाही ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९

- बीमा ऐन,२०७९
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- भन्सार महसुल ऐन, २०८१
- सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- विदेशी विनिमय नियन्त्रण ऐन, २०१९
- सालबसाली ऐनहरू (आर्थिक ऐन, विनियोजन ऐन, राष्ट्रिय ऋण उठाउने ऐन)

**नियमावलीहरू**

- मदिरा नियमावली,२०३३
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०८३
- भन्सार महसुल नियमावली, २०८१
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली,२०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५

- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७,
- धितोपत्र बजार सञ्चालन नियमावली, २०७९
- कर्मचारी संचयकोष नियमावली, २०८१
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) नियमावली, २०८१
- रजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- विदेशी विनिमय नियमित गर्ने नियमहरु, २०२०

**निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६
- अन्तःशुल्क निर्देशिका, २०६८
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२
- कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण)
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०

**कार्यविधिहरू**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७६
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७

- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०
- सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

**नीति, मापदण्ड**

- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- वैदेशिक सहायता परिचालन नीति, २०८२
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१

**४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः**

(क) माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्य र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्य।

**५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्बरः**

| क्र.सं. | सचिवालय, महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | अर्थमन्त्री | डा.स्वर्णिम वाग्ले | ४२११३९० |
| २. | सचिव | डा.घनश्याम उपाध्याय | ४२११३३२ |
| ३. | प्रशासन महाशाखा | सहसचिव टंकप्रसाद पाण्डेय | ४२११३०० |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव उत्तर कुमार खत्री | ४२११३१५ |
| ५. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव डा. सुमन दाहाल | ४२११८०१ |
| ६. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव शंकर बहादुर के.सी | ४२११८१३ |
| ७. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव महेश आचार्य | ४२११३७७ |
| ८. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव अमृत लम्साल | ४२११३२६ |
| ९. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव अमृत लम्साल | ४२००५३७ |
| १०. | अन्तराष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा | सहसचिव डा.धनिराम शर्मा | ४२११३७१ |
| ११. | वित्तीय सङ्घीयता समन्वय महाशाखा | सहसचिव डा. सुमन दाहाल | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाईसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रुपैंयाँ लाग्नेछ।
- माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।
- डिस्केट, सिडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सिडी बापत पचास रुपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

### (ख) सूचना उपलब्ध गराए बापत शुल्क/दस्तुर लिने तरिका

- सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा रकम जम्मा गरी सोको भौचर पेस गर्न लगाउन सक्नेछ।

### (ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल

र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलब्ध गराइनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइनेछ।

- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

**मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमाः**

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

**८. आर्थिक वर्ष २०८२/८३ को बजेट**

आर्थिक वर्ष २०८२/८३ को नेपाल सरकारको कुल बजेट रु. १९ खर्ब ६४ अर्ब ११ करोड रहेकोमा चालु खर्च रु.११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.०१ प्रतिशत, पुँजीगततर्फ रु.४ खर्ब ७ अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.३ खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत विनियोजन भएको छ।

**८.१ सार्वजनिक खर्च व्यवस्थापन**

**(क)आर्थिक वर्ष २०८२/८३ को असारमसान्तसम्मको चालु र पुँजीगत खर्चको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक प्रगति विवरणः (संङ्घीय बजेट) (रकम रु. करोडमा)**

| शीर्षक | २०८२/८३ असार मसान्तसम्म | | | २०८१/८२ असार मसान्तसम्म | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | |
| चालु | ११८,०९८ | १०४,३३३ | ८८.३४ | ११४,०६६ | ९५,६५९ | ८३.८६ | ९.०७ |
| पुँजीगत | ४०,७८९ | १९,०८७ | ४६.७९ | ३५,२३५ | २२,३९८ | ६३.५७ | (१४.७८) |
| वित्तीय व्यवस्था | ३७,५२४ | ३४,७३३ | ९२.५६ | ३६,७२८ | ३३,२६८ | ९०.५८ | ४.४० |
| जम्मा | १९६,४११ | १५८,१५२ | ८०.५२ | १८६,०३० | १५१,३२५ | ८१.३४ | ४.५१ |

| |
|---|
| **क. चालुतर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ९.०४ प्रतिशतले बढी खर्च भएको।<br>**ख. पुँजिगततर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १४.७८ प्रतिशतले खर्च घटेको।<br>**ग. वित्तीय व्यवस्थातर्फः** गत आर्थिक वर्षको साउन महिनादेखि असोज मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ४.४० प्रतिशतले खर्च बढेको।<br>**समग्र कुल खर्च** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ४.५१ प्रतिशतले बढेको। |

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा

(ख) अर्थ मन्त्रालय र अन्तर्गत आ.व.२०८२/८३ को असार मसान्तसम्मको खर्चको विवरणः (रकम रु. लाखमा)

| बजेट उपशीर्षक | २०८२/८३ को शुरु विनियोजन | | | २०८२/८३ को असार मसान्तसम्मको खर्च | | | २०८२/८३ को खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| अर्थ मन्त्रालय | ४७१६ | ८४३ | ५५५९ | ३८९५ | २१९ | ४११४ | ८२.५९ | २५.९५ | ७४.०० |
| ऋण असुली पुनरावेदन न्यायधिकरण | २२८ | ३ | २३१ | २०५ | ३ | २०८ | ८९.९७ | ९७.३३ | ९०.०७ |
| ऋण असुली न्यायधिकरण | ४०२ | ७ | ४०९ | ३६५ | ७ | ३७२ | ९०.७९ | ९७.१४ | ९०.९० |
| अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५००३ | ० | ५००३ | ६०३२ | ० | ६०३२ | १२०.५६ | - | १२०.५६ |
| साना किसान विकास बैंक (बित्तिय संस्था), विविध | ८०० | ० | ८०० | ८०० | ० | ८०० | ९९.९६ | - | ९९.९६ |
| लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | ३५९४ | ० | ३५९४ | ३७०५४ | ० | ३७०५४ | १०३१.०१ | - | १०३१.०१ |
| बजेट सुधार आयोजना | ६९३ | ८३२ | १५२५ | १३ | ३ | १६ | १.९० | ०.३९ | १.०८ |
| मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | १३४४१ | ७१२३० | ८४६७१ | ८७८४ | ७५३८८ | ८४१७३ | ६५.३६ | १०५.८४ | ९९.४१ |
| आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | २०९६४४ | ० | २०९६४४ | ९८००० | ० | ९८००० | ४६.७५ | - | ४६.७५ |
| सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ५२२९ | ६५६८ | ११७९७ | ४५२ | २९३ | ७४५ | ८.६४ | ४.४६ | ६.३१ |
| उदय-आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | २५ | ० | २५ | ० | ० | ० | ०.०० | - | ०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| महालेखा नियन्त्रक कार्यालय | १३५५ | १९२ | १५४७ | ३४२५ | १६० | ३५८५ | २५२.७४ | ८३.३८ | २३१.७२ |
| निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५७० | १४ | ५८४ | ४७७ | ३३ | ५१० | ८३.७० | २३६.२१ | ८७.३५ |
| कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | २४३ | ५ | २४८ | १५४ | ४ | १५८ | ६३.२३ | ८८.२० | ६३.७४ |
| कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | ८३६६ | १४३६ | ९८०२ | ७६११ | ११६८ | ८७७९ | ९०.९७ | ८१.३७ | ८९.५६ |
| सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ० | ० | ० | ० | ० | ० | - | ०.०० | ०.०० |
| सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ७४६ | ५२ | ७९८ | ६६४ | २८ | ६९२ | ८९.०५ | ५३.२७ | ८६.७२ |
| भन्सार बिभाग | १५७५ | २८२५ | ४४०० | १२७५ | ९७५ | २२५० | ८०.९४ | ३४.५३ | ५१.१४ |
| भन्सार कार्यालयहरु | १०७४५ | ४८३ | ११२२८ | १०८३४ | ६२१ | ११४५५ | १००.८३ | १२८.४६ | १०२.०२ |
| भन्सार सुधार कार्यक्रम | १३०७ | ४२५३ | ५५६० | ३७५ | २२०८ | २५८३ | २८.६९ | ५१.९२ | ४६.४६ |
| आन्तरिक राजस्व विभाग | ६९३९ | २८९४ | ९८३३ | २७२२ | २५५ | २९७७ | ३९.२२ | ८.८२ | ३०.२७ |
| आन्तरिक राजस्व कार्यालयहरू | १९१७८ | २६६७ | २१८४५ | १८५०० | २१०६ | २०६०६ | ९६.४६ | ७८.९७ | ९४.३३ |
| सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ६५७ | २१० | ८६७ | ३७८ | २१ | ४०० | ५७.६१ | १०.०८ | ४६.०९ |
| **जम्मा** | **२९५४५६** | **९४५१४** | **३८९९७०** | **२०२०१४** | **८३४९४** | **२८५५०८** | **६८.३७** | **८८.३४** | **७३.२१** |

*स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, २०८२*

८.२ राजस्व परिचालनको अवस्थाः

(क) आर्थिक वर्ष २०८२/८३ को वार्षिक राजस्व सङ्कलनको लक्ष्यको तुलनामा आ.व. २०८२।८३ को असारसम्मको राजस्व संकलन विवरण **(रकम रु. लाखमा)**

| शीर्षक | आ..व (२०८२/८३) को लक्ष्य | आ.व (२०८२/८३) को सङ्कलन | आ.व (२०८१/८२) लक्ष्य | आ.व (२०८१/८२) को सङ्कलन | गत आ.वको तुलनामा वृद्धिदर % | लक्ष्यको तुलनामा सङ्कलन (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| १ भन्सार महशुल | ३०५५७०५ | २४०७५८७ | ३०७३६२३ | २३०९०५९ | ४.२७ | ७८.७९ |
| २ मूल्य अभिबृद्धि कर | ३९४५९५२ | ३७३७९०२ | ३८६५२०० | ३४१९३२५ | ९.३२ | ९४.७३ |
| ३ अन्तःशुल्क | २१३१५७७ | १९१६६५१ | १९४९६१६ | १७५१६४७ | ९.४२ | ८९.९२ |
| ४ शिक्षा सेवा शुल्क र अन्य | ५२३१३ | ६२८५७ | ४६५७६ | ४०५९० | ५४.८६ | १२०.१६ |
| ५ आयकर | ४०७०२९२ | ३०८५८२५ | ३९०७०८१ | २९७८१३३ | ३.६२ | ७५.८१ |
| कर राजस्व जम्मा | १३२५५८३९ | ११२१०८२१ | १२८४२०९६ | १०४९८७५४ | ६.७८ | ८४.५७ |
| ६ अन्य राजस्व (गैरकर) जम्मा | १५४४१६१ | १२०२३६५ | १३५०९३४ | १२८९४४८ | -६.७५ | ७७.८७ |
| कुल राजस्व | १४८००००० | १२४१३१८५ | १४१९३०३० | ११७८८२०१ | ५.३ | ८३.८७ |
| ७ विविध प्राप्ति | | ८०७०९ | | १७३६९६ | | |
| जम्मा राजस्व/प्राप्ति | १४८००००० | १२४९३८९५ | १४१९३०३० | ११९६१८९८ | ४.४५ | ८४.४२ |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा/आन्तरिक राजस्व विभाग,२०८२

(ख) करदाता दर्ता संख्या सम्वन्धी विवरण: **(Active Only)**

| क.सं. | दर्ताको प्रकार | आ.व.२०८१/८२ अषाढ मसान्तसम्म (Only Active) | आ.व. २०८२/८३ को साउन देखि असार मसान्तसम्मको थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| १ | Business PAN | २०,६०७५८ | ११४३३४ | २१७४९९२ |
| २ | Personal PAN | ४९०२७२२ | ७९३९८६ | ५६९६७०८ |
| ३ | W-PAN | ३५,८७० | ३२९४ | ३९१६४ |
| | **जम्मा दर्ता** | **६९९९३५०** | **९११६१४** | **७९१०८६४** |
| ३ | VAT | ३,५१७३५ | २६५३३ | ३७८२६८ |
| ४ | EXCISE | १,२४९९७ | ७६७५ | १३२६७२ |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा/आन्तरिक राजस्व विभाग,२०८२*

## ८.३ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनः आर्थिक वर्ष २०८२/८३ को असारमहिनाको जम्मा अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरणः

क. वैदेशिक सहायता प्राप्तिको विवरण **(रकम रु. लाखमा)**

| विवरण | बार्षिक लक्ष्य रु. | असार महिनासम्मको कूल रु. | प्राप्ति प्रतिशत |
|---|---|---|---|
| ऋण प्राप्ति | २३३६६३१ | १०९४६९३ | ४६.८५% |
| अनुदान प्राप्ति | ५३४४६९ | २१६१२७ | ४०.४४% |
| कुल सहायता प्राप्ति | २८७११०० | १३१०८२० | ४५.६६% |

**ख. प्रतिवद्धताको विवरण**

आर्थिक वर्ष २०८२/८३ को कुल प्रतिवद्धताः १ खर्ब ६१ अर्ब ४६ करोड

| आर्थिक वर्ष २०८२/८३ को कुल प्रतिवद्धताः | | | **रकम रु. दश लाख मा** |
|---|---|---|---|
| | ऋण | अनुदान | जम्मा |
| द्विपक्षीय | ३७०६० | २१७७४.३७ | ५८८३४.३७ |
| बहुपक्षीय | ८७२७३.४७ | १५३५५.४८ | १०२६२८.९५ |
| जम्मा | १२४३३३.४७ | ३७१२९.८५ | १६१४६३.३२ |

*स्रोतः अन्तराष्ट्रिय आर्थिक सम्वन्ध महाशाखा, २०८२*

८.४ मुलुकको समग्र आर्थिक स्थितिः

**क.आर्थिक परिसूचक सम्बन्धी विवरणः**

| क.सं. | शीर्षक | जेठ मसान्तसम्म | | वृद्धिदर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | | |
| १. | शोधानान्तर स्थिति (रु. करोडमा) | ४९१४४ | ९२६०६ | ८८.४४ | बचत/बढेको |
| २. | चालु खाताको स्थिति (रु. करोडमा) | ३२१७४ | ८०२०६ | १४९.२९ | |
| ३. | विदेशी विनिमय सञ्चिति (रु. करोडमा) | २५६९३८ | ३७५५६४ | ४६.१७ | बढेको |
| | विदेशी मुद्रा सञ्चिति पर्याप्तता (वस्तु तथा सेवाको आयात धान्ने क्षमता, महिनामा) | १४.७ | १९.१ | २९.९३ | |
| ४. | उपभोक्ता मुद्रास्फीति-जेठ महिना (वार्षिक विन्दुगत आधारमा)-प्रतिशतमा | २.७२ | ५.२२ | २.५ प्रतिशत बिन्दुले बढेको | बढेको |
| | औसत उपभोक्ता मुद्रास्फीति (११ महिनाको औसत) प्रतिशतमा | ४.२४ | २.८९ | १.३५ प्रतिशत बिन्दुले घटेको | सुधार भएको |
| ५. | बैंक तथा वित्तिय संस्थाको संख्या | १०७ | १०६ | -०.९३ | मर्जर नीतिको कारण घटेको |
| | बैंक तथा वित्तिय संस्थाको शाखा संख्या (लघुवित्त वित्तीय संस्थासमेत) | ११५१९ | ११३४४ | -१.५२ | |
| ६. | विप्रेषण आप्रवाह (रु. करोडमा) | १५३२९३ | २१२०८० | ३८.३५ | बढेको |
| ७. | वाणिज्य बैंकको औषत आधार व्याजदर (प्रतिशत) | ६.०९ | ४.८८ | १.२१ प्रतिशत बिन्दुले घटेको | घटेको |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८३

- आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति रु.३७५५ अर्ब ६४ करोड रहेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २४ अर्ब ६८ करोड पुगेको छ । यस्तो सञ्चिति १९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।
- आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्ममा चालु खाता रु.८०२ अर्ब ६ करोड र शोधनान्तर रु.९२६ अर्ब ६ करोड बचतमा रहेको छ ।
- आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्ममा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३८.२ प्रतिशतले र अमेरिकी डलरमा २९.६ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षको जेठ महिनाको विप्रेषण आप्रवाह रु.२०३ अर्ब ८९ करोड रहेको छ ।
- आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्ममा शोधानान्तर स्थिति र चालु खाता दुबै बचतमा रहेका छन्।
- उपभोक्ता मुद्रास्फीतिको लक्ष्य ५.५ प्रतिशत रहेकोमा वाञ्छित सीमाभित्रै रहेको।

## सार्वजनिक ऋण दायित्वको अवस्था

आर्थिक वर्ष २०८२/८३ को सुरुमा कुल सार्वजनिक ऋण रु. २६ खर्ब ७४ अर्ब ०४ करोड रहेकोमा असार मसान्तसम्ममा विनिमय दरमा भएको नोक्सानी सहित रु. ३ खर्ब ८५ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु. २९ खर्ब ७४ अर्ब ९० करोड पुगेको छ। जुन कुल गार्हस्थ उत्पादनको ४५.०७ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा असार मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.७६ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.२३ प्रतिशत रहेको छ।

तालिका १ः सार्वजनिक ऋणको दायित्व स्थिति  रु. करोडमा

| सि.नं. | ऋणको विवरण | सुरु मौज्दात (२०८२ श्रावण १) | २०८२/८३ को असार मसान्तसम्मको प्राप्ति | २०८२/८३ को असार मसान्तसम्मको भुक्तानी (व्याज बाहेक) | विनिमय नाफा/नोक्सान | जम्मा तिर्न बाँकी ऋण | कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋण % (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| | जम्मा ऋण दायित्व | २६७,४०४.७७ | ४४,७१६.८८ | ३१,३३१.७५ | (१६,७००.२५) | २९७,४९०.१५ | ४५.०७ |
| १ | आन्तरिक ऋण दायित्व | १२६,८२२.४१ | ३५,८६६.६९ | २५,१४७.५२ | ०.०० | १३७,५४१.५८ | २०.८४ |
| २ | वाह्य ऋण दायित्व | १४०,५८२.३६ | ८,८५०.१९ | ६,१८४.२३ | (१६,७००.२५) | १५९,९४८.५७ | २४.२३ |

* IMF Value Adjustment को दायित्व रकम रू. ९१ करोड ३९ लाख समेत आन्तरिक ऋण भुक्तानीमा समावेश गरिएको।




### ख. सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति

आर्थिक वर्ष २०८२/८३ मा जम्मा रु ५ खर्ब ९५ अर्ब ६६ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा असार मसान्तसम्ममा रु. ४ खर्ब ४७ अर्ब १८ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ७५.०७ प्रतिशत रहेको छ। जसमध्ये आन्तरिक

र बाह्य ऋण प्राप्तिको प्रगति क्रमश ९९.०८ र ३७.८८ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्ति मध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ८०.२१ र १९.७९ प्रतिशत रहेको छ।

तालिका २: सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति स्थिति रु. करोडमा

| सि.नं. | ऋणको विवरण | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२/८३ को असार मसान्त सम्मको प्राप्ति | प्राप्ति गर्न बाँकी | लक्ष्यको आधारमा प्राप्ति प्रतिशत | प्राप्तिमा आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा |
|---|---|---|---|---|---|---|
| | जम्मा सार्वजनिक ऋण | ५९,५६६.३१ | ४४,७१६.८८ | १४,८४९.४३ | ७५.०७ | १००.०० |
| १ | आन्तरिक ऋण | ३६,२००.०० | ३५,८६६.६९ | ३३३.३१ | ९९.०८ | ८०.२१ |
| २ | वाह्य ऋण | २३,३६६.३१ | ८,८५०.१९ | १४,५१६.१२ | ३७.८८ | १९.७९ |




## ग. आ.व. २०८२/८३ को चौथो त्रैयमासमा सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

(रु. करोडमा)

| सि.नं. | ऋण सेवा स्थिति | वैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण भुक्तानी | २,६८१.५० | ४,९०२.३६ | २,६७२.०७ | १०,२५५.९३ |
| १.१ | सावाँ भुक्तानी | २,१८९.०० | ४,३९४.२० | २,०९५.३९ | ८,६७८.५९ |
| १.२ | व्याज भुक्तानी | ४९२.५० | ५०८.१६ | ५७६.६८ | १,५७७.३४ |
| २ | वाह्य ऋण भुक्तानी | ७२६.३३ | १,०२०.१६ | ७७५.९० | २,५२२.३९ |
| २.१ | सावाँ भुक्तानी | ५८६.९७ | ८५८.९२ | ६९९.३३ | २,१४५.२२ |
| २.२ | व्याज भुक्तानी | १३९.३६ | १६१.२४ | ७६.५७ | ३७७.१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ऋण प्राप्ती | १,८३९.४४ | ५,३०७.०९ | २,६३८.५१ | ९,७८५.०४ |
| ३.१ | आन्तरिक ऋण प्राप्ति | १,५००.०० | ४,०००.०० | २,०००.०० | ७,५००.०० |
| ३.२ | वाह्य ऋण प्राप्ति | ३३९.४४ | १,३०७.०९ | ६३८.५१ | २,२८५.०४ |

*द्रष्टव्यः*

*१. वैदेशिक ऋण प्राप्ति तर्फ प्राप्त भैसकेको Disbursement Letter को आधारमा अभिलेख राखिएकोले प्रतिवेदन पश्चात प्राप्त हुने Disbursement Letter को अभिलेख प्रविष्ट गर्दा प्रतिवेदन गरिएको मासिक बाह्य ऋण प्राप्ति फरक पर्न सक्नेछ।(२०२६ जुलाई २० सम्ममा दातृ निकायले कार्यालयमा पठाएको Disbursement प्रतिवेदन अनुसारको विवरण समावेश गरिएको, सोही आ.व. अवधिको विवरण वार्षिक प्रतिवेदन तयार हुँदासम्म प्राप्त भएमा समेत वार्षिक प्रतिवेदनमा समावेश हुने।)*

*२. सम्वत् २०८३ वैशाख १५ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित आर्थिक वर्ष २०८२/८३ को राष्ट्रिय लेखा सम्बन्धी वार्षिक तथ्याङ्कमा गणना गरिएको कुल गार्हस्थ उत्पादनलाई तुलनाको आधार लिइएको छ।*

### घ. आ.व. २०८२/८३ को वैशाख, जेठ र असार महिनाको जम्मा आन्तरिक ऋण परिचालनको अवस्था

| सि.नं. | जम्मा आन्तरिक ऋण परिचालनको अवस्था |
|---|---|
| १. | वैशाख मसान्तसम्म रु. २ खर्ब ९८ अर्ब आन्तरिक ऋण परिचालन भएको । |
| २. | जेठ मसान्तसम्म रु. ३ खर्ब ३८ अर्ब आन्तरिक ऋण परिचालन भएको । |
| ३. | असार  मसान्तसम्म रु. ३ खर्ब ५८ अर्ब आन्तरिक ऋण परिचालन भएको । |

### ८.५ आर्थिक वर्ष २०८२/८३ को बैशाख देखि असारमसान्तसम्म सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरूः

### क. बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः

- पुंजीगत खर्चको प्रभावकारिता अभिवृद्धिका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३१ मा संशोधन गरी पुँजीगत रकमको रकमान्तर गर्ने अधिकार सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई प्रदान गरिएको।
- आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा गरी संघीय संसदमा पेश गरिएको।
- आर्थिक वर्ष २०८३/८४ को राष्ट्र ऋण उठाउने विधेयक, २०८३ संघीय संसदमा पेश गरिएको।
- विभिन्न मन्त्रालय तथा निकायहरूबाट माग भए अनुसार थप बजेट व्यवस्थापन गरी बजेट कार्यान्वयनमा सहजीकरण गरिएको।

### ख. राजस्व व्यवस्थापन महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः

- आर्थिक ऐन २०८३ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको ।
- विद्युत सेवामा मूल्य अभिवृद्धि कर अशुल गर्ने निर्देशिका, २०८३ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- नेपाल र संयुक्त अरब इमिरेट्स (UAE) वीच दोहोरो कर मुक्ति सम्झौता (DTAA) का लागि वार्ता टोली गठन तथा कार्यदिश प्रदान गरिएको।
- आर्थिक ऐन, २०८३ वमोजिमका छुट कार्यान्वयन सम्वन्धी स्वीकृत निवेदनका फारामहरु तर्जुमा गरी कार्यान्वयन गरिएको।

- आन्तरिक राजस्व विभागको कार्य सञ्चालन सेवा प्रवाह निर्देशिका, २०८३ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।
- भन्सार नियमावली, २०८३ तर्जुमा भई कार्यान्वयनमा आएको।
- Temporary Import of Vehicle (TIV) Module को विकास र NNSW प्रणालीमा आवद्ध गरी २०८३।०१।१६ गते देखि लागु गरिएको।
- राजस्व छुटको प्रभाव अध्ययन प्रतिवेदन, २०८३ पेश भएको।
- SASEC MOU मा हस्ताक्षर गर्न स्वीकृतिको लागि अर्थ मन्त्रालय मार्फत नेपाल सरकार, मन्त्रिपरिषदमा पठाइएको।
- वीरगञ्ज र नेपालगञ्ज भन्सार कार्यालयमा सम्पन्न Time Release Study (TRS) को प्रतिवेदन तयार गरिएको ।
- सातौ भन्सार सुधार योजना मिति २०८३/०३/३१ मा स्वीकृत (मा. मन्त्रीस्तर) भई कार्यान्वनयमा आएको ।

**ग. कानुन तथा फैसला कार्यान्वयन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरु :**

**१. कानूनी लिखतहरुको तर्जुमा, सहमति, स्वीकृती तथा दर्ता सम्बन्धी कार्यः**

- भुक्तानी तथा फस्र्यौट (पहिलो संशोधन) ऐन, २०८२ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८३।०१।०७ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।
- समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८३।०१।१४ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।
- विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८३।०१।१४ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।
- नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकको मिति २०८३/०१/१५ गते मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको।
- सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको अध्यादेश नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८३/०१/१४ को निर्णयबाट सिफारिस भई सम्माननीय राष्ट्रपतिबाट मिति २०८३/०१/१८ मा जारी भई मिति २०८३/०१/२५ गते सङ्घीय संसदमा दर्ता गरिएको।
- समपुरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३ मिति २०८३/०१/१८ गते स्वीकृत।
- विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३ मिति २०८३/०१/१८ गते स्वीकृत।
- भन्सार नियमावली, २०८३ मन्त्रिपरिषद्बाट स्वीकृत भई मिति २०८३/०१/२१ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।
- नागरिक लगानी कोष (तेस्रो संशोधन) ऐन, २०८३ को मस्यौदामा तर्जुमा सहमतिका लागि मिति २०८३।०२।०६ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।
- अर्थ सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३ को मस्यौदामा तर्जुमा सहमतिका लागि मिति २०८३।०२।२६ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।
- नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा मिति २०८३।०२।०८ गते दर्ता गरिएको।
- भुक्तानी तथा फस्र्यौट ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकार (मन्त्रिपरिषद्) मा मिति २०८३/०२/०७ गते प्रस्ताव पेश भएको।

- नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, राष्ट्र ऋण उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मिति २०८३।२।१५ मा सङ्घीय संसदमा दर्ता गरिएको।
- मदिरा (पाँचौं संशोधन) नियमहरु, २०८३, मूल्य अभिवृद्धि कर (अट्ठाइसौं संशोधन) नियमावली, २०८३, आयकर (सत्रौं संशोधन) नियमावली, २०८३, अन्तःशुल्क (अट्ठाइसौं संशोधन) नियमावली, २०८३, भन्सार महसुल (दोस्रो संशोधन) नियमावली, २०८३ र भन्सार (पहिलो संशोधन) नियमावली, २०८३ को मस्यौदा मिति २०८३।२।१५ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएपश्चात सोही मितिमा अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३ मिति २०८३।०३।०५ मा सङ्घीय संसदमा दर्ता गरिएको।
- अर्थ सम्बन्धी केही नेपाल कानूनलाई संशोधन र खारेज गर्न बनेको विधेयक, सङ्घीय संसदमा मिति २०८३।०३।२३ गते दर्ता गरिएको।
- नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्ने प्रयोजनको लागि स्वीकृति प्रदान गर्न भनी मिति २०८३/०३/३१ मा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको।
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ दर्ता गर्ने प्रयोजनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०८३/०३/२९ गते पठाइएको।

**२. राय/ परामर्श सम्बन्धी कार्य :** विभिन्न २८ वटा मुख्य मुख्य विषयमा राय परामर्श दिइएको।

**३. मुद्दाहरुको लिखित जवाफ तयारी, दर्ता र प्रतिरक्षा सम्बन्धी कार्यः** देहायका ८ वटा रिट निवेदनहरुको लिखित जवाफ तयार गरी सम्बन्धित अदालतमा दर्ता गरिएकोः-

- रिट निवेदक नारायणी पन्थी र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-११२२ को अदालतको अवहेलना।
- रिट निवेदक लेखनाथ अधिकारी समेत र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१०५८ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक लिला क्षेत्री जि.सी. समेत र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-११४७ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक रेखा सुजी र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१०४१ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक भेषराज लुईटेल र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१०१६ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक अजय अग्रवाल र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१०७१ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक स्वर्णकार र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-११०० को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक महेशराज पाण्डेय प्रोडक्सन र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८१-WO-२९१३ को मुद्दा दोहोऱ्याई हरी पाउँ भन्ने निवेदन दर्ता तथा प्रतिरक्षा सम्बन्धमा।

- रिट निवेदक अमितेश पण्डित र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२०५ को को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक कृष्ण कुमार राई र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२४६ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक हरिशचन्द्र देवकोटा र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३३७ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक दुर्गा प्रसाद खनाल समेत र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१४१८ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक संगीता स्थापित र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१८४६ को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक सूर्य कुमारी आले मगर समेत र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-AC-०२०० को उत्प्रेषण/परमादेश समेत।
- रिट निवेदक लोकनाथ घिमिरे र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२५९ को उत्प्रेषण समेत।
- रिट निवेदक खिला रेग्मी र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३१५ को उत्प्रेषण समेत।
- रिट निवेदक मिथिला बिहारी हेजुदार र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३१६ को उत्प्रेषण समेत।
- रिट निवेदक पदम बहादुर श्रेष्ठ र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३१७ को उत्प्रेषण समेत।
- रिट निवेदक लोककुमार श्रेष्ठ र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३१८ को उत्प्रेषण समेत।
- रिट निवेदक ज्ञान बहादुर दहाल र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३१९ को उत्प्रेषण समेत।
- रिट निवेदक निलम कुमार परियार र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२२० को उत्प्रेषण समेत।
- रिट निवेदक बिमला कुमारी नेपाल र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२२१ को उत्प्रेषण समेत।
- रिट निवेदक ज्योति प्रसाद घिमिरे र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२२२ को उत्प्रेषण समेत।
- रिट निवेदक बिनोद परियार र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२२३ को उत्प्रेषण समेत।
- रिट निवेदक भेषराज लुइटेल र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३२७ को उत्प्रेषण समेत।
- रिट निवेदक प्रकाशमणि शर्मा र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०७५-WO-०९४६ को उत्प्रेषण समेत।
- रिट निवेदक अनुजा श्रेष्ठ र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२६३ को उत्प्रेषण समेत।
- रिट निवेदक बद्री प्रसाद खतिवडा र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१२७८ को उत्प्रेषण समेत।

- रिट निवेदक अर्जुन अधिकारी समेत र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०७८-WO-०३८३ को उत्प्रेषण समेतको मुद्दामा पुनरावलोकनको निवेदन सर्वोच्च अदातलमा दर्ता।
- रिट निवेदक पञ्च कुमार कडेल र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३६२ को उत्प्रेषण समेत।
- रिट निवेदक टिका बहादुर भट्टराई र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८१-WO-१४३७ को उत्प्रेषण समेत।
- रिट निवेदक बिनोद देव पन्त र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०७८-WO-१०४४ को उत्प्रेषण समेत।
- रिट निवेदक अनिल कुमार क्षेत्री र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३२४ को उत्प्रेषण समेत।
- रिट निवेदक क्लासिक टेक प्रा.लि. र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१३७६ को उत्प्रेषण समेत।
- रिट निवेदक केशव प्रसाद भट्टराई र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-२१८९ को उत्प्रेषण समेत।
- रिट निवेदक दिव्य कुमार झा र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१४९१ को उत्प्रेषण समेत।
- रिट निवेदक उमेश कुमार शाह र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-WO-१४४२ को उत्प्रेषण समेत।
- रिट निवेदक सरद ओझा र विपक्षी अर्थ मन्त्रालय समेत भएको रिट नं. ०८२-FN-०७१५ को उत्प्रेषण समेत।

**४. राजपत्र सम्पादन र प्रकाशन सम्बन्धी कार्यः**

(क) विभिन्न राजस्व छुट सम्बन्धी १६ वटा सूचना २०८३/०१/०३ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(ख) अन्तःशुल्क अधिकृत तथा निजको अधिकार क्षेत्र तोक्ने सम्बन्धी सूचना २०८३/०१/०७ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली, २०८३ सम्बन्धी सूचना २०८३/०१/०७ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(घ) विभिन्न राजस्व छुट सम्बन्धी १३ वटा सूचना मिति २०८३/०१/३१ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(ङ) सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको आदेशको मिति २०८३।२।१५ को नेपाल राजपत्रमा अतिरिक्तांक गरी सूचना प्रकाशन गरिएको।

(च) नेपालबाट बाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धी सूचना मिति २०८३।२।१५ को नेपाल राजपत्रमा अतिरिक्तांक गरी सूचना प्रकाशन गरिएको।

